- कम्तीमा ४ पटक नियमित गर्भवती जाँच गराउने ।
- सुत्केरी व्यथा लाग्नासाथ जतिसक्यो छिटो नजिकैको स्वास्थ्य संस्थामा लैजाने ।
- दक्ष प्रसूतिकर्मी भएका, सूचीकृत संस्थाबाट मात्र सुत्केरी गराउने ।

## फिस्टुला भएमा के गर्ने ?

फिस्टुलाको उपचार सम्भव छ । शल्यक्रियाद्वारा यसको उपचार गर्न सकिन्छ । १०० जनामा ९५ जना महिलाहरुमा शल्यक्रियाद्वारा फिस्टुलाको समस्या समाधान भएको छ । शल्यक्रिया जति छिटो गरिन्छ, फिस्टुला निको हुने सम्भावना त्यति नै धेरै हुन्छ ।

फिस्टुला भएका महिलाहरुमा मानसिक समस्याहरु हुन्छन् । त्यसकारण शल्यक्रियाका साथै उनीहरुलाई मनोपरामर्श पनि आवश्यक हुन्छ । महिलालगायत परिवारका अन्य सदस्यलाई पनि मनोपरामर्श आवश्यक हुन्छ ।

## कहाँ जाने ?

कर्णाली प्रदेश तथा अन्यका लागि सुर्खेत जिल्लाको मुटुमा अवस्थित प्रदेश अस्पतालभित्रै रहेको फिस्टुला उपचार केन्द्रमा गई आवश्यक परामर्श र उपचार गराई महिलाको अमूल्य जीवन सुरक्षित राखौं । फिस्टुलाको उपचार खर्च, यातायात खर्च सबै नि:शुल्क रुपमा हुने समेत व्यहोरा सेवाग्राहीमा जानकारी गराइन्छ ।

### तपाईंको जानकारी लागि

"फिस्टुला" भनेको निको हुने समस्या हो । यो समस्यालाई सहेर नबसौं । तपाईंको घरछिमेकमा कसैलाई फिस्टुला भएको थाहा भएमा सम्बन्धित स्वास्थ्य संस्थामा जान सल्लाह दिउँ । महिलामाथि हुने सबै प्रकारका हिंसा र विभेदहरुको आजैदेखि अन्त्य गरौं ।

**अफिस, विद्यालय, बजारमा जाँदा सेनिटाइजर प्रयोग गरौं कोरोना संक्रमणबाट बचौं ।**


कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत

फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००

इमेल: provincehospitalsurkhet@gmail.com





# प्रश्रव फिस्टुला विभाग

**अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।**

## प्रश्रव फिस्टुला भनेको के हो ?

बच्चा जन्माउने बेलामा लामो व्यथा लागेर बच्चाको टाउको योनी मार्गमा धेरै समयसम्म रही त्यस ठाउँमा रक्तसञ्चार बन्द हुँदा उक्त भागको मासु मरेपछि त्यहाँ प्वाल पर्न जान्छ । त्यसैलाई नै प्रश्रव फिस्टुला भनिन्छ ।

## प्रसव फिस्टुलाका प्रकार

प्रसव फिस्टुला २ प्रकारका हुन्छन् :

- प्रजनन् अङ्गको अघिल्लो भागको फिस्टुला-पिसाब चुहिरहने ।
- प्रजनन् अङ्गको पछिल्लो भागको फिस्टुला-दिसा चुहिरहने ।

## फिस्टुलाको मुख्य कारण

फिस्टुला हुनुको मुख्य कारण १८ घण्टाभन्दा लामो व्यथा लागिरहनु र योनीमार्गमा बच्चाको टाउको अड्किने अवस्था हुनु हो ।

- गर्भवती अवस्थामा स्वास्थ्य परीक्षणबाट वञ्चित हुनु
- बच्चा जन्माउन अस्पताल लैजाने अवसर नपाउनु
- गरिबी र कामको अत्याधिक बोझ हुनु
- बाल विवाह, अशिक्षा, हिंसा र लैंङ्गिक विभेद

## रोकथाम

व्यक्तिगत तहदेखि नीतिगत तहसम्म रहेको महिलाप्रतिको विभेदपूर्ण मूल्य, मान्यता तथा सामाजिक व्यवहार परिवर्तनका उपायहरु अपनाउनुपर्दछ जस्तै :

- सानै उमेरमा विवाह नगरिदिने
- २० वर्षपछि मात्र प्रजनन् र अङ्ग परिपक्व भएपछि बच्चा जन्माउने
- सानैदेखि सन्तुलित आहारमा विशेष ध्यान दिने ।
- गर्भवती महिलालाई पर्याप्त मात्रामा सन्तुलित खाना खुवाउने ।

